१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २०३ ॥ २०८२ भाद्र १९ गते बिहिबार (4th Sep 2025 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-


# वडा कार्यालयमै दुईजना जनप्रतिनिधि भिडेपछि .......

भद्रपुर(प्रस) । भद्रपुर-३ को वडा कार्यालयमा एकजना महिला वडा सदस्यले अर्की वडा सदस्यमाथि हातपात गरेकी छन् । भद्रपुर ३ को कार्यबाहक वडा अध्यक्षको जिम्मेवारी पाएकी वडा सदस्य भुवमाया थापा पुलामी र वडा कार्यालयका कर्मचारीमाथि कार्यपालिका सदस्यसमेत रहेकी अर्की वडा सदस्य पूर्णमाया सुब्बा(पुनम) ले हातपात गरेकी हुन् ।

दुवै जना राप्रपाबाट निर्वाचित वडा सदस्य हुन् । हातपातको क्रममा छुट्याउन जाँदा वडा कार्यालयका दुई जना महिला कर्मचारी पनि सामान्य घाइते भएका छन् । घटना विवरण अनुसार बुधवार दिउँसो २ बजे वडा कार्यालय अगाडिको खाजा पसलमा वडा सदस्य पुलामी, कर्मचारीहरू मनिका बेघा, प्रमिला थुलुङ र गंगा बरालसँगै बसेर खाजा खाइरहेका थिए । सोही बेला वडा सदस्य सुब्बा त्यहाँ पुगिन् । सोही क्रममा वडा सदस्य पुलामी र वडा सदस्य सुब्बाबीच भनाभन भई विवाद बढ्यो र वडा सदस्य सुब्बाले कार्यवाहक वडा अध्यक्ष पुलामीलाई हातपात गरेकी हुन् । हातपातको क्रममा दुवै जना जनप्रतिनिधिलाई छुट्याउन खोज्दा कर्मचारीहरू मनिका बेघा र प्रमिला थुलुङसमेत सामान्य घाइते भएका छन् । घटनापश्चात् कार्यवाहक वडाध्यक्ष पुलामी न्याय माग्दै जिल्ला प्रहरी कार्यालय झापा पुगेकी थिइन् । प्रहरी कार्यालयमा दुवै पक्षबीच छलफल भएको थियो । प्रहरीले हातपात गर्ने वडा सदस्य सुब्बालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी खगेन्द्र खड्काले बताए । कार्यवाहक वडाध्यक्ष पुलामीले चिठी लुकाएको भन्दै सुब्बाले विवाद गरेकी थिइन् ।



यता नेपाल निजामती कर्मचारी संगठन झापाले वडा कार्यालयमा कार्यरत कर्मचारीहरूमाथि आक्रमणको प्रयास गरिएको भन्दै विज्ञप्ति निकालेर गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । विज्ञप्तिमा भनिएको छ, जनताको सेवा गर्ने जनप्रतिनिधिहरू जस्तो गरिमामय पदमा आसिन व्यक्तिहरू विचमा भएको कुटपिटमा आफ्नो कर्तव्य सम्झी मध्यस्थता गर्ने कर्मचारीहरूमाथि नै निर्वाचित जनप्रतिनिधिबाट भएको यस प्रकारको भौतिक आक्रमण निन्दनीय एवं आपत्तिजनक छ ।

यदि यस घटनालाई सामान्य रूपमा लिएर गुण्डागर्दी र अराजकता मच्चाउनेलाई उन्मुक्ति दिने कार्य भएमा हामी सशक्त प्रतिवाद गर्न बाध्य हुने विज्ञप्तिमार्फत चेतावनी दिइएको छ ।

यस घटनाले स्थानीय राजनीतिक वातावरण अस्थिर बनाएको भन्दै नागरिकले समेत घटना छानबिन गरी आवश्यक कारबाहीको माग गरेका छन्।

# सभापतिले समान व्यवहार गर्नुपर्छ -डा. कोइराला

बिर्तामोड(प्रस) । नेपाली कांग्रेसका पूर्व महामन्त्री डा. शशांक कोइरालाले लोकतान्त्रिक पद्धतिमा पार्टी राजनीति चेन अफ कमाण्डबाट सञ्चालन हुनुपर्ने बताएका छन् ।नेपाली कांग्रेस आपूर्ति तथा उपभोक्ता विभागको आयोजनामा बिर्तामोडमा आयोजित दैनिक उपभोग्य वस्तुको सुनिश्चितता, उपभोक्ताको अधिकार हाम्रो चासो विषयक अन्तरसंवाद कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै पूर्व महामन्त्री कोइरालाले निर्वाचित सभापतिले सबै कार्यकर्तालाई समान व्यवहार गर्नुपर्ने बताएका हुन् ।चिकित्सा पेशामा रहँदा आफूले एक लाख मानिसको आँखाको अप्रेसन गरेर संसार देखाउँदा पाएको सन्तुष्टि अरु केहीले दिन नसक्ने बताउँदै डा. कोइरालाले राजनीतिमा भाषण काम र परिणाम फरक हुने अनुभूति गरेको सुनाए ।




नेपालका १७ लाख हेक्टर खेतीयोग्य जमिनबाट ३० करोड जनतालाई खान पुग्ने अन्न उत्पादन हुने भएपनि उत्पादन क्षमतामा ह्रास आउँदा व्यापार घाटा बढेको उनको भनाई थियो । कृषि क्षेत्रमा युवाको आकर्षण बढाउन सरकारले विशेष योजना ल्याउनु पर्नेमा उनले जोड दिए ।

नेपाली कांग्रेसका संस्थापक नेता वि.पी. कोइराला अत्यन्तै दूरदर्शी र संवेदनशील नेता भएको चर्चा गर्दै उनले आफ्नो जीवनका प्रेरक प्रसङ्गहरु उल्लेख गरेका थिए ।

नेपाली कांग्रेसका सहमहामन्त्री भिष्मराज आङ्देम्बेले उपभोक्ताका आवाजहरू संकलन गरी केन्द्रीय छलफलमार्फत सरकारसम्म पुर्‍याइने बताए । ०८३ मंसिरभित्रै पार्टीको महाधिवेशन हुने बताउँदै उनले पार्टीको क्रियाशील सदस्यता नवीकरणलाई समयमै सक्न निर्देशन दिए । नेपाली कांग्रेस तीनै तहमा सबैभन्दा ठूलो दल बनेकोमा कांग्रेस कार्यकर्ताले गर्व गर्नुपर्ने उनको भनाई थियो ।

कार्यक्रममा ऊर्जामन्त्री दिपक खड्काले जनता र पार्टी अनि सरकारबीचको सम्बन्ध प्रगाढ हुनु आवश्यक रहेको बताए । अस्थिर सरकारका कारण थिलथिलो भएको अर्थतन्त्र र राजनीतिलाई अघि बढाउन संयुक्त सरकार बनेको उनको भनाई थियो । सरकार निजी क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्न तयार रहेको र गरिरहेको बताउँदै उनले ‘ लोडसेडिङ नभएको र ट्रिपिङ मात्र भएको ’ बताए ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं प्रचार विभाग प्रमुख मिन विश्वकर्माले उपभोक्ता, उत्पादक र विक्रेताको अभिभावक राज्य भएकाले यी तीनै पक्षबीच सन्तुलन कायम राख्न पहल गर्नुपर्ने बताए । खुला नाकाका कारण आयात प्रणाली अब्यवस्थित रहेको बताउँदै नेता विश्वकर्माले खाद्यान्नमा मिसावट, तरकारी-फलफुलमा विषादीका कारण दीर्घरोग लाग्ने गरेको बताए । खाद्यान्नमा भएको मिसावट जाँचका लागि पर्याप्त मात्रामा ल्याव नभएको बताउँदै नियमनकारी निकाय प्रभावकारी नरहेको गुनासो गरे । उपभोक्ता सचेत भएर उत्पादनको गुणस्तर जाँचमा सरकार सचेत भएमात्रै उपभोक्ता अधिकार सुनिश्चित हुने उनको भनाई थियो ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य सरिता प्रसाईले किसान र उपभोक्ताका समस्या संसदबाट समाधान गर्न पहल गर्ने बताइन् ।

अर्का केन्द्रीय सदस्य महेन्द्राकुमारी सुब्बाले गुट-उपगुटको कुरा नगर्न आग्रह गरिन् ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य गोमा भट्टराईले हरेक उपभोग्य वस्तुमा मिसावट देखिने बताउँदै गुणस्तर मापन र उपभोक्ता र उत्पादकबीचको ब्यापार असन्तुलन हटाउनुपर्ने धारणा राखिन् ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य उर्मिला थपलियाले चाडबाडमा उपभोक्ता सचेत हुनुपर्ने धारणा राख्दै सामाजिक सञ्जालका भ्रमपूर्ण प्रचार-प्रसार नियन्त्रण गरी गुटगत


❖ बाँकी तेस्रो पृष्ठमा


# खाद्य उद्योगलाई अनलाइनबाटै अनुमति

झापा(प्रस) । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य उद्योग दर्ता, अनुमतिपत्र जारी तथा नवीकरणका लागि ‘नेपाल फुड एण्ड फिड इन्डष्ट्री लाइसेन्सिङ सिस्टम (नेफिल्स)’ नामक अनलाइन प्रणाली शुभारम्भ गरेको छ । सरकारी सेवालाई अनलाइनमार्फत सहज बनाउने विभागको रणनीतिअन्तर्गत विभागले आफ्नो वेभसाइटमार्फत यो सेवा उपलब्ध गराइएको हो।

उद्घाटन कार्यक्रममा विभागमा महानिर्देशक सञ्जीवकुमार कर्माचार्यले प्रणालीको उद्घाटन गर्दै त्यसको महत्वबारे प्रकाश पारे । सहभागीहरूलाई नेफिल्स प्रणालीबाट सेवा कसरी लिने भन्नेबारे डेमोन्स्ट्रेसन र भिडियोमार्फत जानकारी गराइएको थियो। कार्यक्रममा सहभागी उद्योगी व्यवसायीहरूले यस प्रणालीबाट छिटो, छरितो र पारदर्शी सेवा प्राप्त हुनुपर्नेमा जोड दिए । यद्यपि, उनीहरूले प्रणालीको सफलता विभागका कर्मचारीहरूको तत्परता र सहयोगमा निर्भर रहनेमा जोड दिएका छन्। महानिर्देशक कर्माचार्यले यो प्रणाली खाद्य स्वच्छता तथा गुणस्तर ऐन अनुसार उक्त प्रणालीको विकास गरिएको जानकारी दिए । यो प्रणालीबाट दर्ता, अनुमतिपत्र र नवीकरण सेवाहरू उपलब्ध हुनेछन्।




महानिर्देशक कर्माचार्यले यो प्रणाली ‘पेपरलेस’ र ‘फेसलेस’ हुने भएकाले सेवाग्राहीले आफ्ना निवेदनको स्थिति (पेन्डिङ, स्वीकृत वा अस्वीकृत) अनलाइनबाटै हेर्न सक्ने बताए । यसबाट इमेलमार्फत सूचना प्राप्त हुने, अभिलेखहरू सुरक्षित र डिजिटल रूपमा भण्डारण हुने, तथा पारदर्शिता र जवाफदेहिता वृद्धि हुने जस्ता थुप्रै फाइदाहरू रहेको उनले जानकारी दिए । उद्योगीहरूले देशका जुनसुकै स्थानबाट पनि इन्टरनेट प्रयोग गरी सेवामा पहुँच पाउने हुँदा कार्यालय धाउनुपर्ने झन्झटबाट मुक्ति मिल्ने र समय, श्रम तथा खर्चमा ठुलो बचत हुने कर्माचार्य बताउँछन् ।

हाल यो प्रणाली काठमाडौं र हेटौंडास्थित कार्यालयहरूबाट सञ्चालनमा आएको छ भने विभागले चाँडै नै यसलाई देशभरका सबै कार्यालयहरूमा विस्तार गर्ने योजना बनाएको छ। विभागले सेवाग्राहीको सुझाव र प्रतिक्रियालाई आत्मसात गर्दै प्रणालीलाई निरन्तर सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।

# वैदेशिक रोजगारीमा महिलाको आकर्षण बढ्दो

झापा(प्रस) । वैदेशिक रोजगारीका लागि विदेश जाने महिला बर्षेनि बढेका छन् । वैदेशिक रोजगार विभागका अनुसार आव २०७७/७८ देखि वैदेशिक रोजगारीमा जाने महिलाको संख्या बढ्दै गएको हो । विभागका अनुसार आव २०८०/८१ मा ८० हजार १७२ र आव २०८१/८२ मा ९४ हजार ४५५ महिलाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका लागि विदेश गएका छन् ।

यस्तै आव २०७९/८० मा ७२ हजार १३४, आव २०७८/७९ मा ४९ हजार १२८ र आव २०७७/७८ मा ११ हजार ४५६ महिलाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । पछिल्लो पाँच वर्षको तथ्याङ्क अनुसार रोजगारीका लागि विदेश जाने महिला बढेको देखिएको हो ।

पाँच वर्षअघिको तुलनामा वैदेशिक रोजगारीमा जाने महिलाको संख्या आठ प्रतिशतले वृद्धि भएर गत वर्ष ११.२५ प्रतिशत पुगेको छ । पाँच वर्षअघि विदेश जाने नेपालीमध्ये पाँच प्रतिशत मात्र महिलाले श्रम स्वीकृति लिएका थिए । बिदेसिने महिलाको संख्या प्रतिवर्ष एक/एक प्रतिशतका दरले वृद्धि भएको देखिन्छ । कोभिड सङ्क्रमणअघि २०७४/७५ मा ३२ हजार ९६४ महिलाले विदेश जान श्रम स्वीकृति लिएकोमा गत आव २०८१/८२ मा साढे ९४ हजार पुगेको छ ।

तथापि यो संख्या श्रम स्वीकृति लिएका महिलाको मात्रै हो । श्रम स्वीकृति नलिई भारत, बङ्गलादेशको बाटो हुँदै खाडी र मलेसियामा घरेलु काममा जानेको संख्या योभन्दा धेरै भएको अनुमान छ । सरकारले औपचारिक रूपमा खाडी र मलेसियामा विगत नौ वर्षदेखि घरेलु श्रमिकमा जाने महिलालाई प्रतिबन्ध लगाएको छ । २०७४ सालमा संसद्को परराष्ट्र तथा श्रम सम्बन्ध समितिको अध्ययनले घरेलु श्रमिकका रूपमा जाने महिला असुरक्षित रहेको जनाउँदै रोक्न सरकारलाई निर्देशन दिएपछि रोकिएको थियो ।

विभागका अनुसार अघिल्लो आवमा सात लाख ४१ हजार २९७ जनाले श्रम स्वीकृति लिएकोमा ८० हजार १७२ जना (१०.८० प्रतिशत) महिलाले श्रम स्वीकृति लिएका थिए भने गत आवमा आठ लाख ३९ हजार २६६ जनाले श्रम स्वीकृति लिएकोमा ९४ हजार ४५५ (११.२५ प्रतिशत) महिला थिए ।

विभागले सार्वजनिक गरेको प्रतिवेदनमा खाडी र मलेसियामा घरेलु कामबाहेकका उत्पादन उद्योग, डिपार्टमेन्ट स्टोरमा प्याकेजिङ, होटेलमा जाने महिलाको संख्या बढेको देखिन्छ भने पछिल्लो समयमा इजरायल, दक्षिण कोरिया, जोर्डन, बेलायत, माल्टालगायतका देशमा नर्स, केयरगिभर, कृषि उत्पादन, घरेलु श्रमिक र गार्मेन्टमा काम गर्न जाने गरेका छन् । विगत पाँच वर्षको तुलनामा गत आव २०८१/८२ मा सबैभन्दा बढी महिलाले विदेश जान श्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगारी विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले रोजगारीका अवसर बढेसँगै संयुक्त अरब इमिरेटस् (युएई), कतार, कुवेत, साइप्रस, मलेसिया उत्पादन उद्योग तथा सरकारी तवरबाट कोरिया तथा इजरायल जान श्रम स्वीकृति लिनेको संख्या बढेको बताए ।

वैदेशिक रोजगारीका लागि सयभन्दा बढी देश खुला गरिएको भए पनि नेपाली महिलाका लागि मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुवेत नै संस्थागत वैदेशिक रोजगारीका मुख्य गन्तव्य रहेको देखिन्छ । त्यसमा पनि युएई र कतारले मात्रै ६० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको पाइन्छ । संस्थागत (म्यानपावर) बाट वैदेशिक रोजगारीमा जानेमध्ये महिलाको अनुपात तीन प्रतिशतभन्दा कम छ ।

# गाडी दुरुपयोग रोक्न खोज्दा झुटो प्रचार- मन्त्री हाङगाम

झापा(प्रस) । कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री खगेनसिंह हाङगामले आफूलाई लक्षित गरेर बाहिर आएका समाचार र हल्ला सत्यमा आधारित नरहेको बताएका छन्। मुख्यमन्त्री कार्यालयका



सचिव डा. शरणकुमार पाण्डेद्वारा गरिएको प्रचारले आफू र मन्त्रालयलाई अनावश्यक विवादमा तानेको भन्दै उनले हिजो स्पष्ट पारेका हुन्। मन्त्री हाङगामका अनुसार साउन २६ गते पाण्डेको संघको कृषि मन्त्रालयमा सरुवा भएको थियो । साउन २८ गते रमानापत्र आएको थियो । तर शक्तिकेन्द्रको आडमा पुनः प्रदेशमा सरुवा मिलाएर भदौ १३ गतेदेखि डा. पाण्डे मुख्यमन्त्री कार्यालयमा हाजिर हुन थाले । सो अवधिमा पनि उनले उद्योग मन्त्रालयको गाडी, चालक र क्वार्टरको उपयोग गरिरहे । यसले मन्त्रालयमाथि नै पारदर्शिताको प्रश्न उठ्ने भएकाले गाडी र चालक फिर्ता बोलाएको मन्त्री हाङगामको भनाइ छ ।

‘उहाँले मुख्यमन्त्री कार्यालयमा प्रदेश सचिवका रूपमा रहँदा पनि उद्योग मन्त्रालयको गाडी चालक र क्वार्टर उपयोग गर्दै आउनुभयो । बाहिर-बाहिर हिँड्नुभयो । मसँग नभेटेको लगभग २०-२५ दिन भयो । उहाँ हाल उद्योग मन्त्रालयको सचिवका रूपमा कामकाजमा खटिनुभएको छैन,’ मन्त्री हाङगामले भने, ‘भोली पत्रकार साथीहरूले आमजनताले तपाईंको पूर्वसचिवले चढेको गाडी चालक र क्वार्टर कस्तो अवस्थामा छ? भनेर सोध्दा मेरो मातहतमा रहेको विभाग र कार्यालयबारेमा म जवाफदेही हुनुपर्छ । जिन्सी शाखामा गाडीको चाबी राख्ने चलन छ । त्यहाँ चालकलाई बोलाएर चाबी राखिएको र गाडी हाम्रो मन्त्रालयको हाताभित्र राखिएको अवस्था हो ।’

कर्मचारीप्रति कुनै पूर्वाग्रह नराखेको पनि मन्त्री हाङगामले स्पष्ट पारेका छन् । ‘हामीले सुशासन कायम गर्न र सेवा चुस्त बनाउन निर्देशन दिने गर्छौं। तर कर्मचारीप्रति हाम्रो दृष्टिकोण सधैँ एउटै हुन्छ ।

कोही कर्मचारीप्रति पनि पूर्वाग्रह छैन,’ उनले भने । मुख्यमन्त्री कार्यालयमा प्रदेश सचिव रहँदै गर्दा उद्योग मन्त्रालयको गाडी दुरुपयोग गर्न पाइँदैन भन्ने हिसाबले मात्रै चालक फिर्ता बोलाइएको उनको भनाइ छ । मन्त्री हाङगाम हाल ताप्लेजुङमा छन् भने सचिव पाण्डे विदामा छन् ।

# खरेललाई 'उत्कृष्ट लोकपप गायक अवार्ड'

• द्रोण अधिकारी

भद्रपुर । भद्रपुर १० चन्द्रगढी निवासी गायक अर्जुन खरेल 'उत्कृष्ट लोकपप गायक अवार्ड' प्राप्त गर्न सफल भएका छन् ।

भियतनामको दनाङमा सम्पन्न ग्लोबल कन्फरेन्स एण्ड अवार्ड २०२५ मा झापा भद्रपुर १० का स्थायी बासिन्दा गायक खरेलले उत्कृष्ट लोकपप अवार्ड हात पार्न सफल भएका हुन् ।

खरेलले आफ्नो चर्चित गीत 'दुई चुल्ठी' का लागि उत्कृष्ट लोकपप गायक अवार्ड' प्राप्त गर्न सफल भएको जानकारी दिए । अन्तर ाष्ट्रिय मञ्चमा नेपाली लोकपप गीतको प्रतिष्ठा बढाएको भन्दै खरेललाई उक्त अवार्ड प्रदान गरिएको हो । खरेललाई भियतनामका पूर्व राष्ट्रपतिकी बुहारी हुयेन थि लिउले अवार्ड तथा सम्मानपत्र प्रदान गरेकी थिइन् ।

झापाको साविक गरामनी ४ कृष्णभिट्टामा २०३५ साल फागुन १४ गते बलराम तथा विष्णुमाया खरेलका ५ औं पुत्रका रूपमा जन्मिएका अर्जुन खरेल पेशाले गायकको पहिचान बनाएर स्थापित व्यक्ति हुन् ।

हाल भद्रपुर १० चन्द्रगढीका स्थायी बासिन्दा खरेलको औपचारिक संगीत यात्रा वि सं २०६० बाट तिम्रो आगनमसंगै...... गीतको रेकर्डबाट सुरू भएको हो ।

दुई चुल्ठी...... गीतसम्म आइपुग्दा दुई दर्जनबढी चर्चित गीत स्रोतामाझ ल्याइसकेका खरेलको स्वरले देश विदेशसम्म पहिचान पाइसकेको छ । पछिल्लो समय चलचित्र गायनमा समेत सकृय खरेलले फर्मुला लगायत चलचित्रका लागि स्वर दिइसकेका छन् ।



खरेलले भिडियो बन्नु अगाडि नै दुई चुल्ठी गीतको माध्यमबाट निकै चर्चा कमाइसकेका छन् ।

सानै उमेरबाट सोखका रूपमा गायन क्षेत्रमा लागेका खरेलले कालान्तरमा पेशा बनाएर गीत संगीतमै जीवन समर्पण गर्न पुगेका छन् ।

२०६५ सालमा हल्दिवारीकी नमिता दंगालसित वैवाहिक जीवनमा प्रवेश गरेका खरेलका एक छोरा एक छोरी गरी दुई सन्तान रहेका छन् । पारिवारिक दायित्व तथा जिम्मेवारी बहनका लागि समेत गायन कलाको उपयोग गरिरहेका खरेलले झापा, इलाम, मोरङ लगायत कोशी प्रदेशदेखि नेपालभित्रका अधिकांश सांगीतिक कार्यक्रममा सहभागिता जनाउँदै आएका छन् । उनको कलाको उच्च मूल्याङ्कन गर्दै वि सं २०७४ सालमा उपराष्ट्रपतिको हातबाट राष्ट्रिय प्रतिभा सम्मान समेत प्राप्त गरेका छन् । त्यसयता खरेलले स्थानीय, क्षेत्रीय तथा प्रदेश स्तरीय सयबढी सम्मान तथा नगदसहित पुरस्कार प्राप्त गरिसकेका छन् ।

पछिल्लो पटक खरेलले २०८१ सालमा चलचित्र गायन वापत डि सिनेमा छाँया छवि सम्मान समेत प्राप्त गरेका छन् । गायन कला प्रस्तुत गर्न उनले नेपाल बाहिर विभिन्न देशमा समेत जाने अवसर पाइसकेका छन् ।

अर्जुनको गायनसित गाँसिएको अर्को पक्ष समाज सेवा पनि हो । स्थानीयदेखि राष्ट्रिय स्तरसम्मका आपत विपतमा सहयोगका लागि उनले हरतरहले सहयोग गर्ने गरेका छन् । अनाथालय, बृद्धाश्रम जस्ता संस्थामा हरेक वर्ष केही न केही सहयोग गर्नु उनको नित्य कर्म बनिसकेको छ । खरेलले संगीत, नाट्य तथा समाजसेवाजस्ता काम समान गतिमा अगाडि बढाइरहेका छन् ।

पछिल्ला केही वर्षयता पुष्प खेतीमा समेत सकृय खरेलले आफ्नो उर्वर समय माटोमा रमाउने तथा उन्नतिका लागि कृषि कर्ममा युवा सहभागिताका लागि पुष्प व्यवसाय गरिरहेका छन् । अर्काको देशका अनाज उपजमा भर पर्नु हुँदैन भन्ने मान्यता बोकेका खरेलले अवको क्रान्ति व्यवसायिक कृषि भएको महसुस समेत गरिरहेका छन् ।

२०७० सालमा मेरो गीत नामक एकल गीति संग्रह प्रकाशन गरेका खरेलले सन् २०१४ मा प्रवासी नेपाली संगीत प्रतियोगितामा वेष्ट पर्फमेन्सको उपाधि जितेका थिए । झापामै बसेर सामाजिक गतिविधि र गायन सेवा गरिरहेका खरेलको असल मान्छे बनेर बाँचुञ्जेल देशका लागि केही न केही गर्ने इच्छा छ । झापाली भूगोलमा भेटिने खरेललाई गायक मात्र नभएर सामाजिक अभियन्ताका रूपमा चिन्ने मानिसहरूको संख्या पनि निकै ठूलो छ ।

लोक भाकालाई गायनको मूल स्रोत मान्ने अर्जुन खरेल हरेक पटक केही न केही नयाँ सोचका साथ गायनमा रमाउने गर्छन् । खरेलले पछिल्लो पटक मारवाडी भाषाको राष्ट्रिय गीतमा स्वर दिएर रेकर्ड गरिसकेका छन् । अग्रजको सम्मान र नयाँको संरक्षण गर्नु पर्छ भन्ने सोच भएका खरेलले झापामै रहेर नेपाली गीत संगीतमार्फत नेपाल चिनाउने महत्वाकाँक्षा पालेका छन् । राम्रो गायक बन्न काठमाण्डौ धाउनु पर्छ भन्ने मान्यता विपरित मोफसलमा रहेर पनि सवैले चिन्ने गायक बन्न सकिने विश्वास पालेका खरेललाई अब बिस्तारै समाज र देशले पनि चिन्ने वातावरण भने उनका गीत, संगीतले बनाउन थालेका छन् । पछिल्लो पटक अन्तर्राष्ट्रिय जगतमा समेत पहिचान बनाएका खरेलले अवार्ड समेत हात पार्न थालेका छन् ।

# रोजगारी गतिविधिबाट जोगिन दूतावासको आग्रह

झापा(प्रस) । दक्षिण कोरियामा सीपयुक्त श्रमिक पठाउने कार्यविधि २०८० को तेस्रो संशोधनलाई कार्यान्वयन गर्न सम्बन्धित प्रक्रिया अघि बढाइएको नेपाली राजदूतावास, सोलले जनाएको छ।

दूतावासले एक सूचना जारी गर्दै सो कार्यविधिको दफा ४ मा उल्लेख भएबमोजिम विशेष योग्यता पुरा गरेका इजाजतपत्र प्राप्त संस्थाहरुले ई७ भिषा प्रणाली अन्तर्गत (मौसमी कामदारबाहेक कार्यविधिको अनुसूची) १ मा उल्लिखित पेशाहरुमा नेपाली श्रमिक कोरिया ल्याउन पाउने जनाएको छ ।

कार्यविधिको परिच्छेद २ मा उल्लेख गरिएको "विशेष योग्यता" पूरा भएका ईजाजत प्राप्त संस्थाहरुले कार्यविधिकै परिच्छेद २ को दफा ५'क' मा उल्लिखित कागजातहरु संलग्न गरी मागपत्र राजदूतावासमा पेश गर्नु पर्ने छ । कागजातहरु पूरा नगरि माग ल्याएको खण्डमा मागपत्र प्रमाणीकरण नहुने दूतावासले जनाएको छ ।

रीतपूर्वक आएको माग पत्र प्रमाणीकरणको निवेदनको आधिकारिकता राजदूतावासको सम्बन्धित अधिकारीले यकिन गरी सिफारिससहित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमार्फत विभागमा पठाई सोको जानकारी रोजगारदातालाई गराउन पर्ने व्यवस्था कार्यविधिमा रहेको समेत दूतावासले स्पष्ट पारेको छ ।

रोजगारीसम्बन्धी सबै गतिविधि ईपीएस प्रणालीमार्फत मात्र हुने भएकाले अन्य कुनै व्यक्तिबाट आर्थिक कारोबार तथा गतिविधि नगर्न समेत दूतावासले नेपाली कामदारलाई आग्रह गरेको छ।


## माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

**बिर्तामोड- ४ ,भद्रपुर रोड , झापा**

## जग्गा बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०५/१८**

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. को नाममा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जग्गा बिक्री गर्नुपर्ने भएकाले यस संस्थाको साधारण सभाले दिएको अधिकार प्रयोग गरी संचालक समितिको मिति २०८२/०५/१५ बसेको आ.व.२०८२/०८३ को दोस्रो बैठकको निर्णय अनुसार डाक बढाबढ गरी लिन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त जग्गाको न्यूनतम मूल्य रु. १,८०,००,००० (अक्षरेपी एक करोड अस्सी लाख) मात्र नघटाई इच्छुक खरिदकर्ताले यो सूचना प्रकाशित भएको १५ दिनभित्र संस्थामा उपस्थित भई कबोल अंकको ६०% प्रतिशत धरौटी रकम संस्थाको नाममा रहेको बैंक खातामा रकम जम्मा गरेको सक्कलै भौचर र बोलपत्र दस्तुर समेत समावेश गरी गोप्य शिलवन्दी निवेदन पेश गर्नुहुन सबैमा यो सूचना प्रकाशन गरिएको छ । अन्य सर्तहरु निम्न बमोजिम रहने छन् ।

तपशिल

| क. स | जग्गाधनीको नाम | ठेगाना | जग्गाको विवरण |
|---|---|---|---|
| १ | माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | साविक झापा जिल्ला चारपाने गाविस वडा नं ६ हाल झापा जिल्ला बिर्तामोड न.पा वडा नं. २ | मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको साबिक चारपाने हाल बिर्तामोडको कि.नं.२३३०, १७३९, १७४० क्षेत्रफल १०१५.८९ , ६२६४.६४ , ५५८७.३८ को जग्गा र सो ले चर्चेको लिग लगायत समेत |

**अन्य शर्तहरुः**

१. बोलपत्र पेश गर्दा रु.५०५/- दस्तुर लाग्नेछ ।

२. मिति २०८२ साल असोज महिना ५ गते आइतबारका दिन (उक्त दिन कुनै कारणवस बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन)दिनको २ बजे संस्थाको कार्यालयको स्थानमा डाक बढाबढ सम्बन्धी गोप्य शिलबन्दी खोलिनेछ ।

३. रकम कबोल गर्दा रकम कबोल गर्नेद्वारा कुनै शर्त राख्न पाइने छैन ।

४. बोलपत्रमा भाग लिन इच्छुक व्यक्ति स्वयम् आफ्नो सक्कलै नागरिकता लिएर उपस्थित हुनु पर्नेछ । संगठित संस्थाको हकमा रितपूर्वकको अख्तियारी तथा संगठित संस्थाको दर्तासँग सम्बन्धित कागजातहरुसहित उपस्थित हुनु पर्नेछ। संस्थाले बोलकबोल अंक स्वीकृत गरेको खण्डमा सोही व्यक्ति वा संगठित संस्थाकै नाममा सम्पत्ति दाखिल खारेज गर्न सिफारिस गरी पठाउनेछ ।

५. बोलपत्र सवैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संगठित संस्थाले आफूले कबोल गरेको रकमको कम्तीमा ६० % प्रतिशतले हुन आउने रकम नगदै धरौटी वापत यस संस्थामा तत्काल जम्मा गर्नु पर्नेछ । धरौटी रकममा कुनै व्याज दिइने छैन र प्रस्ताव स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी फिर्ता रकम फिर्ता दिइने छैन ।

६. बोलपत्रमा सवैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संगठित संस्थालाई सम्पत्ति विक्री गर्ने वा नगर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ ।

७. सवैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संगठित संस्थालाई सम्पत्ति विक्री गर्ने वा नगर्ने निर्णय संस्थालाई बढाबढ भएको ३ दिनभित्र गरी सो को सूचना बोलकबोलवालालाई दिइनेछ र बोलकबोलवालाले त्यस्तो सूचना प्राप्त गरेको सात दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम नियम अनुसार समय थप गरिनेछ ।

८. सम्पत्ति दाखिल खारेज नामसारी गर्दा लाग्ने नेपाल सरकारको सम्पूर्ण दस्तुर वा राजश्व तिर्नु पर्नेछ ।

९. डाक बढाबढमा भाग लिने व्यक्ति वा संगठित संस्थाले माथि उल्लेखित धितोहरु मध्ये सम्पूर्ण कित्ताहरुको बोलकबोल गर्नु पर्नेछ। अन्य जानकारीको लागि यस संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**बोलपत्र खोल्ने मितिः- २०८२ साल असोज महिना ५ गते**

**समयः- दिनको ठिक २ बजे**

**स्थानः- संस्थाको कार्यालय बिर्तामोड- ४ ,भद्रपुर रोड , झापा**


# लागूऔषधसहित सशस्त्र प्रहरी हवल्दार नियन्त्रणमा

झापा(प्रस) ।लागूऔषधसहित एकजना सशस्त्र प्रहरी हवल्दार पक्राउ परेका छन् । मंगलवार राति ८ बजे मोरङको रतुवामाई नगरपालिका १ चुनीमारीस्थित सशस्त्र प्रहरी बल नेपाल नं. ३ गण हे.क्वा. कंकालीनी मोरङ दरबन्दी भई सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म बरडंगा मोरङमा कार्यरत पर्सा बिरगंज ७ रानीघाट बस्ने ३४ वर्षीय सशस्त्र प्रहरी हवल्दार मनिस गिरी लागूऔषधसहित पक्राउ परेका हुन् । उनी सुत्ने ओछ्यानको सिरानीमुनि खुकुरी चुरोटको बट्टाभित्र कालो रंगको प्लाष्टिकमा लुकाई छिपाई राखेको अबस्थामा प्लाष्टिकसहित ४८० मिलिग्राम ब्राउनसुगर फेला परेको हो । उनलाई लागूऔषधसहित



नियन्त्रणमा लिई आबश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय सिजुवामा राखिएको छ ।

उता मोरङमै लागूऔषध नियन्त्रणमा लिने क्रममा २ जना प्रहरी घाइते भएका छन् । मंगलवार राति ९:२० बजे सुनवर्षी नगरपालिका ९ भेरुवाथानबाट उत्तरतर्फ भित्री रोडमा इलाका प्रहरी कार्यालय रंगेलीबाट प्रहरी निरीक्षक नरेन्द्रकुमार बोगटीको कमाण्डमा खटिएको प्रहरी टोलीले बीआर११ भी६७३४ नं. को भारतीय मोटरसाइकलमा सवार दुई जनामाथि शंका लागेर रोक्न खोज्दा नरोकेपछि प्र.१-०२-०४५ प ३३९२ नं. को मोटरसाइकलमा चढेर पिछा गर्दै जाँदा दुई वटै मोटरसाइकल ठक्कर खाई धानवारीमा लड्दा दुईजना प्रहरी घाइते भएका छन् । घाइते हुनेहरुमा प्रहरी चौकी घुर्मी उदयपुर दरबन्दी भएका प्रहरी सहायक हवल्दार धर्मध्वज कार्की र उच्च अदालत समन्वय तथा सुरक्षा प्रहरी इकाई फैसला कार्यान्वयन इलाम दरबन्दी भएका प्रहरी सहायक हवल्दार किरण अधिकारी रहेका छन् ।

घाइते भएका दुबै प्रहरीहरु रंगेली अस्पताल रंगेलीमा उपचारपश्चात् डिस्चार्ज भएका छन् । उनीहरुको मोवाईल पानीमा झरेर क्षति भएको छ । उक्त भारतीय मोटरसाइकलमा सवार मानिसहरु फरार भएका छन् भने मोटरसाइकलबाट ट्रामाडोल क्याप्सुल १७,९४० थान फेला परेको छ । सो भारतीय मोटरसाइकल नियन्त्रणमा लिई इप्रका रंगेलीमा राखिएको छ ।


## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बिर्तामोड, झापा**

**कोशी प्रदेश,नेपाल**

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/५/१९**

बिर्तामोड नगरपालिका कृषि विकास शाखाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बिर्तामोड नगरपालिकाभित्र रहनु हुने इच्छुक कृषक, कृषक समूह, कृषि फर्म, कृषि सहकारी तथा संस्थाहरुले यो सूचना प्रकाशित भएको २१ दिनभित्र प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ । रित नपुगेका वा म्यादपछि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सिं न. | कार्यक्रमको नाम | ईकाई | परिमाण | मुख्य कार्यक्रमहरु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा च्याउको वीउ सहयोग कार्यक्रम | पोका | २०,००० | स्वीकृत कार्यकम बमोजिम च्याउको वीउ सहयोग | बिर्तामोड न.पा.क्षेत्रभित्र रहेका व्यवसायिक च्याउ उत्पादनमा संलग्न कृषक तथा कृषि फर्महरु । |
| २ | ५० प्रतिशत अनुदानमा कृषि चुन वितरण कार्यकम | टन | ७० | स्वीकृत कार्यक्रम बमोजिमको कृषि चुन वितरण | बिर्तामोड न.पा. भित्र रहेका कृषक, कृषक समूह तथा कृषि फर्म र कृषि सहकारीहरु । |
| ३ | ७० प्रतिशत अनुदानमा वीउ आलु उत्पादन कार्यकम | दाना. | १४००० | स्वीकृत कार्यकम बमोजिमका PBS वीउ सहयोग | बिर्तामोड न.पा. भित्र रहेका कृषक तथा कृषि समूह र कृषि फर्महरु । |
| ४ | ५० प्रतिशत अनुदानमा खायन आलु उत्पादन कार्यकम | कि.ग्रा | ८,००० | स्वीकृत कार्यकम बमोजिम आलुको उन्नत वीउ सहयोग | बिर्तामोड न.पा. भित्र रहेका कृषक, कृषक समूह तथा कृषि फर्म र कृषि सहकारीहरु । |
| ५ | बाली उपचार शिविर | संख्या | ५ | कृषक समूहमा स्थलगत रुपमा बालीमा देखिएका समस्याहरुको पहिचान र रोकथामका उपायहरु बारे जानकारी दिने । | विर्तामोड न.पा. भित्र रहेका कृषक समूहहरु र कृषि सहकारीहरु । |

**प्रस्तावका साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु :**

१ आवेदन पत्र ।

२ व्यक्तिको हकमा आबेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. कृषि सहकारी तथा कृषि फर्मको हकमा सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, पान नं. को प्रतिलिपि, गत आ.ब.को कर चुक्ता प्रतिलिपि र सहकारीको कार्यक्रममा संलग्न हुनेबारे निर्णयको प्रतिलिपि ।

४ सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र

५ समूह/ समितिको हकमा बैठकको निर्णयका प्रतिलिपि र दर्ता प्रमाणपत्रको प्रतिलिपि ।


## हैजाका लक्षण र बच्ने उपाय

**लक्षणः**

बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
बारम्बार वान्ता हुने,
शरीर कमजोर हुने, आँखा भासिने,
शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
मुख र छाला सुख्खा हुने,
कमजोरी र थकान महशुस हुने,
चक्कर लाग्ने वा होश हराउने,
कम रक्तचाप र छिटो नाडी चल्ने ।

**बच्ने उपायहरूः**

पानी उमालेर वा फिल्टर गरेर पिउने,
खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,
खुला रुपमा राखिएको खाना नखाने,
जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राखे,
खानेकुरा राम्रोसँग पखालेर खाने,
झोलिलो खाना र प्रशस्त पानी पिउने,
लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने ।

नेपाल सरकार विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# हैजा नियन्त्रण गर

भारतबाट काठमाडौं प्रवेश गर्ने मुख्य नाकाको सहर वीरगन्जमा देखिएको झाडापखाला सङ्क्रामक हैजा भएको पुष्टि भइसकेको छ । नेपाल सरकारका स्वास्थ्यमन्त्रीदेखि प्रदेश र स्थानीय जनस्वास्थ्यसँग सम्बन्धित अधिकारीहरू सङ्क्रमण स्थल वीरगन्जमा पुगेर हैजा नियन्त्रणका लागि सबै संयन्त्र र उपाय प्रयोग गरिने आश्वासन दिएका छन् । तर, हैजा भने नियन्त्रणमा आउने लक्षण देखिएको छैन ।

वीरगन्जबाट आएका समाचारअनुसार झाडापखालाका बिरामी साउनको अन्तिम सातादेखि नै अस्पतालमा आउन थालेका थिए । हैजा फैलिएको पुष्टि भने भदौको दोस्रो सातामात्र भयो । सम्भवतः झाडापखालाका बिरामीको घुइँचो नलाग्दासम्म हैजाको जाँच नै गरिएन ।

स्वास्थ्यकर्मीहरूको यही हेलचेक्र्याइँ नै सम्भवतः वीरगन्जमा हैजा फैलनुमा मूल कारण हो । त्यसो त समुदायको कमजोर स्वास्थ्य चेतना, स्वच्छ खानेपानीको अभाव, अव्यवस्थित ढल निकास तथा मूलतः बिरामी पर्दा पनि सकेसम्म उपचार गराउन नखोज्ने नेपाली बानीले पनि हैजा फैलाएको हुनुपर्छ ।

हैजा फैलिएको पुष्टि भइसकेपछि पनि साता दिनसम्म नियन्त्रण गर्न नसक्नुले राज्यका स्वास्थ्य सेवा र संयन्त्रको प्रभावकारितामा प्रश्न उठेको छ । धन्न अहिलेसम्म वीरगन्जबाहिर हैजाको सङ्क्रमण भएको समाचार आएको छैन । अरू क्षेत्रमा पनि हैजा फैलियो भने अवस्था भयावह हुनसक्छ । यसैले काठमाडौं उपत्यकालगायत तराईका बस्तीहरू हैजा फैलन नदिने सावधानी अपनाउन व्यापक प्रचारप्रसार गर्नुपर्ने देखिन्छ ।

विद्यालयहरू बन्द गर्ने तथा स्वच्छ खानेपानी वितरण गर्ने कार्य स्थानीय स्तरमा भएको छ । स्वच्छ खानेपानीको वितरण हैजाको सङ्क्रमण नियन्त्रण गर्न निकै सहयोगी हुनसक्छ । तर, स्वच्छ दैनिक उपयोगमा प्रयोग हुने पानी कीटाणुरहित नभएमा हैजाको सङ्क्रमण नियन्त्रित हुँदैन ।

यस्तै रोग प्रतिरोध शक्ति कमजोर भएकाहरूलाई हैजालगायत सङ्क्रामक रोगहरू छिटै र सजिलै सर्छन् । वीरगन्जलगायतका नेपालमा ठूला सहरमा ‘सहरी गरिबी’ निकै व्यापक छ । तिनले पेटभर खान त पाउन्नन् भने रोग प्रतिरोधात्मक खुराक कसरी खाउन् ?

खान पाउनेहरूकै पनि पोसिलोभन्दा स्वादिलो खानेकुरा रुचाउने बानी हुन्छ । स्वादिला सबै खानेकुराले रोग प्रतिरोध गर्ने शक्ति दिँदैनन् । त्यसैले समुदायमा सङ्क्रमण फैलिएपछि रोक्न सोचेजस्तो सहज हुँदैन । यसैले सङ्क्रमणले महामारीको रूप नलिँदै रोकथामका लागि सबै उपाय अपनाउनु आवश्यक हुन्छ ।






# संघीयतामा सार्वजनिक संस्थान



• प्रेमलकुमार खनाल

मुलुकमा संघीय शासन प्रणाली प्रारम्भ भएको १० वर्ष भइसकेको छ । जनताको घर दैलोमा सरकारको अवधारणा अनुरूप सेवा वितरण गर्ने संघीय राज्य प्रणालीको उद्देश्य हो । सार्वजनिक संस्थान जनतालाई सर्वसुलभ सेवा उपलब्ध गराउने संस्था हुन् । जनउपयोगी सार्वजनिक संस्थानलाई पुनर्संरचना गरेर स्थानीय तहसम्म सार्वजनिक संस्थानको सेवा पुऱ्याउन आवश्यक छ । मुलुकको आर्थिक विकासमा राज्यको सर्वोपरि भूमिका नभई समाजवाद स्थापनासँगै लोककल्याणकारी राज्यको स्थापना र अभिवृद्धि गर्न सकिन्न । निजीकरण एक मात्र समस्याको समाधान हो भन्ने नवउदारवादीले अगाडि सारेको नीति विश्वव्यापी आर्थिक सङ्कटका कारण असफल भएको छ ।

सार्वजनिक संस्थानको स्थापना र सञ्चालनको विश्वव्यापी लहरसँगै नेपालमा पनि अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन तथा वितरण गर्ने, अर्थतन्त्रमा योगदान पुऱ्याउने, विकासका पूर्वाधार तयार गर्ने, योजनाबद्ध विकासका प्रयासलाई सहयोग गर्ने र निजी क्षेत्रका लागि वातावरण निर्माण गर्ने उद्देश्यसहित सार्वजनिक संस्थानको स्थापना र विकास भएको देखिन्छ । नेपालमा सार्वजनिक संस्थानको स्थापनाको थालनी विसं १९९३ मा विराटनगर जुट मिलको स्थापनासँगै भएको मानिन्छ र हाल विभिन्न औद्योगिक, व्यापारिक, सेवा, सामाजिक, जनोपयोगी र वित्तीय क्षेत्रमा गरी ४५ वटा सार्वजनिक संस्थान सञ्चालनमा रहेका छन् । जसमध्ये २० वटा पूर्ण सरकारी स्वामित्वका र २५ वटामा सरकारको अधिकांश स्वामित्व रहेको छ । हाल कायम रहेका सार्वजनिक संस्थानमध्ये कम्पनी ऐन अनुसार स्थापना भएका ३४, संस्थान विशेष ऐन अन्तर्गत आठ, सञ्चार संस्थान ऐन अनुसार एक, सहकारी ऐन अनुसार एक र संस्थान ऐन, २०२१ अनुसार एक सार्वजनिक संस्थान सञ्चालनमा रहेका छन् ।

विश्वव्यापी रूपमा सन् १९९० को दशकदेखि अवलम्बन गरिएको बजारमुखी नवउदारवादी पुँजीवादी अर्थनीतिलाई नेपालमा पनि सरकारले अवलम्बन गऱ्यो । उत्पादन, वितरण र सेवाका क्षेत्रमा राज्यको सहभागिता र नेतृत्व हुनु हुँदैन भन्ने मान्यताका साथ नवउदारवादका संवाहक अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू-विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, अन्तर्राष्ट्रिय वित्त निगमको निर्देशनमा नेपालमा अवलम्बन गरिएको आर्थिक उदारीकरण, निजीकरण र विश्वव्यापीकरण (एलपिजी) को नीतिले सार्वजनिक संस्थानको निजीकरण अभियानलाई तीव्र रूपमा अगाडि बढाइयो । संस्थान निजीकरण नीति अन्तर्गत तीन दर्जन संस्थान निजीकृत भए तर विभिन्न कारणले यसको औचित्य भने पुष्टि हुन सकेन । बाँकी रहेका सार्वजनिक संस्थान र सरकारी बैङ्कहरूको निजीकरणका क्रममा भएको बहस र विरोधका कारण तत्कालीन सरकारले आक्रामक ढङ्गले निजीकरणको प्रक्रिया अगाडि बढाउन सकेन । निजीकरणमा नपठाइएका संस्थानको न त सुधार, न त सेवा विस्तार गर्ने नीति नै अवलम्बन गरियो अर्थात् यथास्थितिकै अवस्थामा सञ्चालन गर्ने सरकारले नीति अख्तियार गऱ्यो ।

यही यथास्थिति नीतिका कारण बाँकी रहेका अधिकांश सार्वजनिक संस्थान आज वित्तीय र व्यवस्थापकीय हिसाबले समस्याग्रस्त बनेका छन् । सरकारको सार्वजनिक संस्थानको विकास र विस्तारसम्बन्धी अग्रगामी सोच, दृष्टिकोण र नीति नहुँदा वित्तीय र व्यवस्थापकीय रूपमा सक्षम संस्थान पनि सेवा विस्तारभन्दा यथास्थितिमै रमाउने गरेका छन् । निजी क्षेत्र आक्रामक ढङ्गले उत्पादन, सेवा र वितरणका क्षेत्रमा अगाडि आइरहेको छ र बजार निजी क्षेत्रको सर्वत्र अराजकता र एकाधिकार झैं बनेको छ । फलतः सर्वसाधारण जनताले चर्को मूल्य तिरेर सेवा र सुविधा प्राप्त गर्नु परेको छ । अहिलेको बजारमुखी अर्थतन्त्रका कारण सर्वसाधारण जनताले निजी क्षेत्रबाट सञ्चालित सेवाबाट महँगो सेवा पाउनुका साथै दुःख र हैरानी बेहोरिरहेका छन् । त्यसैले बजारलाई स्वस्थ एवं प्रतिस्पर्धात्मक बनाउन र सर्वसाधारण जनतालाई सर्वसुलभ सेवा प्रदान गर्न सार्वजनिक संस्थानको सान्दर्भिकता झन् बढेर गएको छ ।

मुलुक केन्द्रीकृत र एकात्मक ढाँचाको शासन व्यवस्थाबाट संघीयतामा गइसकेको छ । अब जनताले अधिकार र सार्वजनिक सेवा र सुविधा गाउँघरमै सहज र सरल ढङ्गले पाउनु पर्छ । स्थानीय सरकारले गाउँघरमा नै जनताका आधारभूत आवश्यकताका विषय शिक्षा, स्वास्थ्य, दैनिक उपभोग्य वस्तु, खाद्यान्न खानेपानी, आवास, यातायातलगायतका सेवासुविधा उपलब्ध गराउनु पर्छ । यस सन्दर्भमा सार्वजनिक संस्थाको सेवालाई स्थानीय तहमा पुऱ्याउन अपरिहार्य छ । खास गरी सबै स्थानीय तहमा खाद्य तथा आपूर्ति कम्पनीको डिपो, कृषि सामग्री संस्थानको बिक्री-वितरण डिपोबाट कृषकहरूलाई मल, बिउ र आधुनिक कृषि औजारको बिक्री-वितरण, दुग्ध विकास संस्थानबाट कृषकले उत्पादन गरेको दुध सङ्कलन केन्द्र जस्ता संस्थामार्फत स्थानीय तहका जनतालाई सेवा प्रदान गर्नु पर्छ । यस्तै नेपाल औषधी लिमिटेड, साझा यातायात कम्पनी आदिलाई पनि पुनर्संरचना गर्नु पर्छ ।

मुलुकका ७५३ वटै पालिकालाई जनउपयोगी संस्थानमा सेयर स्वामित्व र व्यवस्थापनमा सहभागिता रहने गरी पुनर्संरचना गरेर सेवा वितरणलाई गाउँ घरसम्म पुऱ्याउनु पर्छ । स्थानीय तहका सरकार र अन्य वित्तीय संस्थालाई यि सार्वजनिक संस्थानको सेयर स्वामित्व एक करोडदेखि पाँच करोडसम्म लगानी गर्न प्रेरित गर्दा झन्डै ३५/४० अर्ब रकम पुँजीको रूपमा सङ्कलन र परिचालन गर्न सकिन्छ । यसो हुँदा हरेक पालिकामा यी पाँच वटा सार्वजनिक संस्थानको सेवा प्रत्यक्ष रूपमा पुऱ्याउन सकिन्छ । यसै गरी अन्य सार्वजनिक संस्थानलाई पनि पुनर्संरचना गरेर नयाँ ढङ्गबाट सञ्चालन गर्नु पर्छ । यी सबै सेवा स्थानीय सरकारले एक्लैले संस्था स्थापना गरेर गर्ने होइन र सामर्थ्य पनि हुँदैन । अतः यसको विकल्प भनेको सार्वजनिक संस्थानको बदलिँदो परिवेशमा सेवा विस्तार गर्ने गरी पुनर्संरचना नै अहिलेको आवश्यकता हो । सार्वजनिक संस्थानहरू घाटामा सञ्चालन हुन्छन्, सरकारले सञ्चालन गर्नु हुँदैन भन्ने सोच र दृष्टिकोण उचित हुँदैन । त्यहीँ सेवाबाट निजी क्षेत्र राम्रो मुनाफामा सञ्चालन भएका छन् । तसर्थ सार्वजनिक संस्थानलाई स्वतन्त्र, स्वायत्त र व्यावसायिक नीतिका साथ सञ्चालन गर्नु पर्छ ।

मुलुकमा समाजवाद स्थापना गर्न आर्थिक सामाजिक विकास गरेर उच्च दरको आर्थिक वृद्धि, रोजगारीमा वृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि वर्तमान सन्दर्भमा पनि सार्वजनिक संस्थानको औचित्य र आवश्यकता झन् बढेर गएको छ । अतः सरकारले सार्वजनिक संस्थान सुधारका लागि शीघ्र रणनीतिक योजना तर्जुमा गरी पुनर्संरचनालाई कार्यान्वयनमा ल्याउनु पर्छ । सार्वजनिक संस्थानको सुधारका सन्दर्भमा प्रथमतः संस्थानलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी स्वायत्तताका आधारमा सञ्चालन गर्ने नीति अवलम्बन गर्नु पर्छ । संस्थान सञ्चालन अनुगमन र नियमनका लागि संवैधानिक अङ्गका रूपमा संस्थान सञ्चालन बोर्ड गठन गर्नु पर्छ ।

जनउपयोगी संस्थानमा स्थानीय सरकारलाई सहभागिता गराएर व्यावसायिक हिसाबले सञ्चालन गरिनु पर्छ । संस्थानको अध्यक्ष र सञ्चालकमा संवैधानिक रूपमा संस्थान सञ्चालन बोर्ड गरेर नियुक्ति गर्ने परिपाटी अवलम्बन गर्नु पर्छ । सञ्चालक समितिमा आधिकारिक ट्रेड युनियनका तर्फबाट अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्छ । संस्थानको कार्यकारी प्रमुख नियुक्ति गर्दा निश्चित योग्यतासहित खुला प्रतिस्पर्धाका आधारमा सक्षम र योग्य व्यक्तिलाई कार्य सम्पादनमा आधारित नियुक्ति प्रणाली अवलम्बन गर्नु पर्छ ।

# बजेट कार्यान्वयनका चुनौती



• शिवराम न्यौपाने

मुलुकको समग्र विकासलाई नियमित, गतिशील र सन्तुलित गराउने मुख्य आधारका रूपमा बजेटको प्रारूप तयार भएको हुन्छ । सरकारको नीति तथा कार्यक्रमको संरचना र भावनालाई आधार बनाई जनसमक्ष आउने बजेट सरकारको वार्षिक कार्यक्रमको विस्तृत तस्बिर हो । जनताको मागलाई सम्बोधन गर्ने मुख्य माध्यमसमेत भएकाले बजेट जनता र सरकारबिचको सम्बन्ध मजबुत गराई राख्ने आधार पनि हो । बजेटको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन हुने हुन्छ । यसबाट आर्थिक वृद्धि हासिल भई प्राप्त उपलब्धिको न्यायोचित वितरण गर्न सकिने हुन्छ । आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर गराउन प्रत्यक्ष टेवा पुग्छ । साथै राष्ट्रिय विकासमा जनसहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्न र शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर सिर्जना गरी राज्यको सर्वाङ्गीण विकासमा सहरदेखि ग्रामीण क्षेत्रसम्म आधार भूत अवसर सिर्जना गर्न सकिने हुन्छ ।

नेपालको संविधानमा नेपाल सरकारका अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्ष संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा राजस्वको अनुमान, संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकम, संघीय विनियोजन ऐनबमोजिम व्यय हुने आवश्यक रकमहरू खुलाई वार्षिक राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसद्मा पेस गर्नुपर्ने व्यवस्था भएको छ । चालु आवको बजेट संघीय संसद्मा पेस भए अनुसार स्वीकृत भई कार्यान्वयनमा समेत आइसकेको छ । बजेटले उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने, उद्यमशीलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने, आधुनिक प्रविधिको प्रयोग बढाउँदै आर्थिक दक्षता वृद्धि गर्ने, सामाजिक संरक्षण एवं विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने, गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्धन गर्ने उद्देश्य राखेको छ । बजेटले राखेको उद्देश्य हासिल गर्नका लागि कार्यक्रम सञ्चालनका क्षेत्रमा रहेका चुनौतीको सामना गरी कार्यान्वयनलाई प्रभावकारी गराउनु सामूहिक दायित्व भएको छ ।

मुलुकको आर्थिक एवं सामाजिक विकासका क्षेत्रमा दशकौंदेखि समान प्रकृतिका समस्या एवं चुनौती रहेका छन् । पुरानै ढाँचामा बजेट तर्जुमा गर्ने साथै पुरानै सोच र शैलीमा बजेट कार्यान्वयन गर्ने प्रवृत्तिमा सुधार आएको छैन । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको मिलेमतोमा राजनीतिक आस्थाका आधारमा आवधिक वा वार्षिक बजेटका ठुला आयोजना आफ्ना पकडभित्रका व्यक्तिलाई ठेक्का दिने र त्यस्ता ठेकेदारबाट समयमा काम नहुँदा कारबाही गर्नभन्दा म्याद थप गर्न उत्साहित हुने नेतृत्वको शैलीमा सुधार आएको छैन । सार्वजनिक खरिद प्रक्रिया चुस्त दुरुस्त हुन नसक्दा यसैको कमजोरी देखाई आयोजना ढिला गरी फाइदा लिन पल्केकालाई कारबाही गर्न सकिएको छैन । सरकारी पुँजीगत वा चालु बजेटको दुरुपयोग गर्ने गराउने पदाधिकारी वा व्यक्ति समूहलाई विभिन्न बहानामा संरक्षण गर्ने नेतृत्वको व्यवहार परिवर्तन भएको छैन । नियामक एवं निगरानी गर्ने निकायको भूमिका कमजोर रहेको, वित्तीय जोखिम बढ्दै गएको, विकासका लागि राजस्व बचत न्यून हुँदै गएको, निर्यात विस्तार र विविधीकरण हुन नसक्दा उच्च व्यापार घाटा कायमै रहेको, सार्वजनिक प्रशासनलाई व्यावसायीकरण गर्न नसकिएको साथै विकासका समग्र कार्यमा सुशासन कायम गर्न नसकिएका कारण बजेट कार्यान्वयन प्रभावकारी हुन नसकेको अवस्था छ ।

बजेट, नीति तथा कार्यक्रमको घोषणा एवं नेतृत्वले जनतासमक्ष गर्ने प्रतिबद्धताले मात्र बजेट कार्यान्वयनलाई प्रभावकारी गराउन सकिँदैन । राजनीतिक एवं प्रशासनिक नेतृत्वको नतिजामुखी पदीय जिम्मेवारी, कार्य अग्रसरता र जवाफदेहिताले बजेट कार्यान्वयनमा प्रत्यक्ष टेवा पुऱ्याउने हुन्छ । साथै आयोजना प्रमुखको क्षमता, कार्य उत्प्रेरणा, कामप्रतिको लगानीशीलता र नतिजाप्रतिको जवाफदेहिता बजेट कार्यान्वयनको प्रभावकारिताका लागि अपरिहार्य आधार हो । यस आयोजना प्रमुखको तालुक निकाय एवं सरोकारवाला निकायसँगको नियमित सम्पर्क, सहकार्य र जवाफदेहीपूर्ण समन्वयसमेत अपरिहार्य भएको हुन्छ । राजनीतिक एवं प्रशासनिक नेतृत्व र आयोजना प्रमुखको वार्षिक कार्यसम्पादन मूल्याङ्कन बजेटको लक्ष्य र वार्षिक उपलब्धिका आधारमा गर्ने गराउने, वार्षिक कार्यक्रमको प्रथम त्रैमासिकदेखि नै कार्य सञ्चालनका आधारभूत निर्णय वा कार्यविधि तयार गर्ने, खर्चको अख्तियारी र बजेट विनियोजनलाई समयमै कार्यान्वयन क्षेत्रमा पुऱ्याउने, आवधिक रूपमा आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने, कार्य सञ्चालनका अवरोध तत्काल हटाउन राजनीतिक नेतृत्व एवं सरोकारवाला समयमै अग्रसर हुनेलगायतका कार्यहरू चुनौतीपूर्ण रहेका छन् । नेपाल सरकारले स्वीकृत गरेको कार्यविधिबमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई समपूरक र विशेष अनुदान समयमै हस्तान्तरण गर्ने, आयोजनाका लागि जग्गा प्राप्ति, वन क्षेत्रको स्वीकृति, आयोजनाका लागि आवश्यक सक्षम र उत्प्रेरित जनशक्तिको सुनिश्चितता, राजनीतिक नेतृत्वको दबाबमा विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम वा क्षेत्रमा कार्यक्रम संशोधन गर्ने वा रकमान्तर गर्ने कार्यमा होसियार हुनुपर्ने चुनौतीसमेत रहेका छन् ।

तोकिएको समयमै कार्य सञ्चालन गर्नका लागि विषयगत केन्द्रीय निकायको राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वको कार्यक्रमप्रतिको संवेदनशीलता अपरिहार्य भएको हुन्छ । अख्तियारी, मानवीय एवं वित्तीय स्रोतसाधनको सुनिश्चितता, बाधा अवरोध फुकाउ, नियमित निगरानी र तत्कालको सुधारमा यस नेतृत्वले महत्वपूर्ण भूमिका निर्वाह गर्नु जरुरी भएको हुन्छ । सार्वजनिक जिम्मेवारीको पदमा रहेका राजनीतिक नेतृत्व एवं निर्णय तहको प्रशासनिक नेतृत्वलाई बजेट कार्यान्वयनमा निष्पक्ष, निस्वार्थ, इमानदार जिम्मेवारी निर्वाहमा अग्रसर गराउनु चुनौतीपूर्ण रहेको छ । यस नेतृत्वले तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमाभित्र काम सम्पन्न गर्ने आधार तयार गर्ने गराउने, समयभित्र काम सुरु नगर्ने, तोकिएको गुणस्तर कायम नगर्ने, कार्य योजना अनुरूप कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानुनबमोजिम कारबाही गर्ने कार्यमा तदारुकता देखाउन सक्नु पर्छ । आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्रकृति अनुरूप आवश्यक तालिम, क्षमता र अनुभवसहित कार्यवधिको सुनिश्चितता गर्ने, कार्य प्रगतिको नियमित अनुगमन, समीक्षा र पृष्ठपोषण गरी तत्काल सुधारका कार्यलाई प्राथमिकता दिने कार्य चुनौतीका रूपमा रहेको छ । साथै नियमसङ्गतको खर्च, मितव्ययिता, अनियमतता एवं भ्रष्टाचार नियन्त्रण र सम्भावित बेरुजुलगायतका वित्तीय अनुशासन कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने चुनौती पनि रहेको छ ।

स्थानीय उपभोक्ता वा सरोकारवालाको अवरोधका कारण आयोजना समयमै सुरु गर्न नसकिने समस्या अझै विद्यमान छ । यसले गर्दा कैयौं कार्यक्रम सुरुनै गर्न नसकिने, काम बिचमै छोड्नुपर्ने, कामको गुणस्तर कायम गर्न नसकिने अवस्था रहेको छ । साथै पूर्वाधार निर्माणलगायतका थुप्रै सार्वजनिक खरिदको काममा संघ, प्रदेश, स्थानीय तहको क्षेत्राधिकारको विवादका कारण आयोजना सञ्चालन सहज हुन सकेको छैन । यस सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहका राजनीतिक दलका जिम्मेवार पदाधिकारीलाई विकास निर्माणको कार्यमा इमानदारपूर्वक आवश्यक वातावरण तयार गरिदिन अग्रसर गराउनुपर्ने चुनौती रहेको छ ।

आयोजनाको तथ्याङ्क सूचनालगायत समग्र व्यवस्थापनलाई छिटो छरितो र चुस्त दुरुस्त गराई राख्नका लागि विद्युतीय उपकरण एवं प्रविधिको प्रयोग गर्ने कार्यलाई अनिवार्य गर्ने, प्रत्येक सार्वजनिक खरिद, विकास निर्माणको कार्य गर्दा आवश्यक पारदर्शिता, वित्तीय अनुशासन, कामका आधारमा दण्ड जरिबाना, सूचकका आधारमा अनुगमन मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्नु चुनौतीपूर्ण रहेको छ ।

मुलुकमा संघीय शासन प्रणाली लागु भएपछि प्रदेश एवं स्थानीय तहमा विकास बजेट र अधिकार विकेन्द्रित भएको छ । हिजोका दिनमा संघबाट हुने धेरै कार्यक्रम प्रदेश एवं स्थानीय तहमा गएको छ । विभिन्न किसिमका अनुदानमार्फत प्रदेश र स्थानीय तहमा गएका कार्यक्रमले कार्यान्वयनमा प्राथमिकता नपाएको, गुणस्तरीय काम नभएको, विनियोजन भएको बजेट फ्रिज हुने गरेको लगायतका समस्या रहेका छन् । यस सन्दर्भमा संघ, प्रदेश र स्थानीय सरकारबिचको समन्वय र सहकार्यलाई मजबुत गराउनुपर्ने चुनौती रहेको छ । संविधानमा व्यवस्था भएबमोजिमको एकल एवं साझा अधिकारले तोके अनुसार विकास नीति, योजना, कार्यक्रम, आयोजना सञ्चालनमा आवश्यक समन्वय र सहकार्यका लागि प्रधानमन्त्री एवं मन्त्रीपरिषद्को कार्यालय र संघीय विषयगत मन्त्रालयको जिम्मेवारी र अग्रसरतालाई प्रभावकारी गराउनु चुनौती भएको छ । साथै अनुदानको बजेट एवं कार्यक्रमलाई प्रदेश र स्थानीय सरकारले आफ्ना नीति योजना कार्यक्रमसँगसँगै प्राथमिकतामा राखी कार्यान्वयनलाई प्रभावकारी गराउनु जरुरी छ । यसरी सञ्चालन भएका कार्यक्रमको नियमित अनुगमन, समीक्षा, प्रगति विवरण तालुक निकायमा पठाउने कार्यलाई संस्थागत गर्नु पर्छ ।

स्वीकृत वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी विनियोजित पुँजीगत बजेटको अधिकतम उपयोग गर्ने क्षमता बढाउनु अपरिहार्य छ । मुलुकको समग्र विकास एवं समृद्धिका लागि अत्यावश्यक पुँजीगत खर्चको अंश चालु खर्चको तुलनामा घट्दै गएको अवस्था एकातर्फ रहेको छ भने अर्कातर्फ घट्दै गएको विनियोजित पुँजीगत बजेटको पूर्ण अंश खर्च गर्न नसकिएको अवस्था छ ।

यस सन्दर्भमा पुँजीगत बजेट बढाउने र खर्चको क्षमता विस्तार गर्ने कार्य टड्कारो चुनौती छन् । यस चुनौतीको सामना गर्नका लागि स्वीकृत बजेट तोकिएकै अवधिमा खर्च गर्नका लागि आवश्यक आधारभूत निर्णय एवं कार्यविधि तयार गरिदिने, आर्थिक समृद्धिका लागि उच्च योगदान गर्ने क्षेत्रमा थप नीतिगत, कानुनी र प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई आर्थिक क्षेत्रको मुख्य संवाहकका रूपमा स्थापित गर्नु पर्छ । साथै राजस्व वृद्धिका लागि राजस्व प्रशासनलाई व्यावसायिक गर्ने, अनुपयुक्त आयोजना कटौती गरी प्राथमिकता प्राप्त र राष्ट्रिय गौरवका आयोगजनामा स्रोतको सुनिश्चितता गरी कार्यान्वयन प्रभावकारी बनाउनु पर्छ ।

